STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन १४ गते शनिबार ❑ 26 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## निर्वाचनमा केन्द्रित हुन अध्यक्ष ओलीको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सङ्गठन बिस्तारमा जुट्न र आसन्न निर्वाचनमा केन्द्रित हुन पार्टी कार्यकर्तालाई निर्देशन दिनुभएको छ।

शुक्रबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले पार्टीको स्पष्ट विचार, कार्यशैलीप्रति प्रभावित बनेर अन्य विभिन्न पार्टीमा लागेका कार्यकर्ता आफ्नो पार्टीमा आकर्षित भएको दाबी गर्नुभयो। पोखरामा गण्डकी प्रदेशका अगुवा कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीको खुलेर विरोध गरे। 'नाम हेर्‍यो नेकपा माके, काम हेर्‍यो कांग्रेसको पुच्छर। नाम हेर्‍यो पार्टी फुटाएर




एकीकृत, काम हेर्‍यो कांग्रेसका पछि लागेर समाजवादी। यो स्थितिमा हामी छौँ,' ब्यंग्यात्मक शैलीमा उनले थपे।

अर्को एक प्रसंगमा ओलीले गठबन्धन कुनै अवस्थामा पनि नटुट्ने बताएका छन्। एमसीसी पास गरेरै भएपनि गठबन्धन जोगाउने तयारीमा पाँच दल लागेको भन्दै ओलीले गठबन्धन कायम रहे पनि स्थानीय चुनावमा उठ्नै नसक्ने गरी पछार्ने चेतावनी दिए। 'यो गठबन्धन टुट्दैन, टुट्न हुँदैन। यो टुट्यो भने विचराहरू धुलोपिठो हुन्छ,' उनले भने, 'हामी लड्न बोलाउँदा वान वाई वान होइन पाँचै दल आऊ भनेर बोलाउँछौँ। ३० वैशाखमा उनीहरूलाई सात दिन नउठ्ने गरी पछार्छौं।' सरकारमा बस्नेहरुले नै कार्यकर्तालाई सडकमा उतारेर आफूविरुद्ध ढुंगा हान्न लगाएको उनको आरोप छ। 'एमसीसी माग्ने झलनाथ खनाल हिँड्दा केही गर्दैनन्। एमसीसी पास गर्ने भन्ने कांग्रेसका नेताहरू हिँड्दा केही गर्दैनन्। माओवादीलाई केही गर्दैनन्,' उनको दुखेसो छ, 'म हिँड्दा ढुंगा बर्साउँछन्। कुरा बुझ्दैन र ?' एमालेप्रति विश्वास गर्न आग्रह गर्दै अध्यक्ष ओलीले जनताको बहुदलीय समाजवादलाई अहिलेको परिस्थिति अनुकूल सिर्जनात्मक ढङ्गले कार्यान्वयन गरिनेविश्वास दिलाउनुभयो। पार्टीभित्र हरेक तहको कार्याकर्ता नेता भएको बताउँदै उहाँले प्रत्येकले आफू हाकिम नभई जनताको सेवक हो भन्ने भावनाका साथ खटिनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा पार्टी सचिव एवम् गण्डकी प्रदेश इन्चार्ज पद्मा अर्यालले एमालेप्रति आस्था एवम् विश्वास बढ्दै गएको दाबी गर्नुभयो। आसन्न निर्वाचनका लागि सक्रिय हुन उहाँले आग्रह गर्नुभयो।

## कसैको दबाबमा नपर्न लेखा क्षेत्रका व्यक्तिलाई मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले वित्तीय तथा आर्थिक अनुशासन कायम गर्न लेखा क्षेत्रका व्यक्ति कसैको प्रभाव र दबाबमा पर्न नहुने बताउनु भएको छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले शुक्रबार पोखरामा आयोजना गरेको प्रदेश तथा स्थानिय तहमा सार्वजनिक वित्त व्यबस्थापनका आयामहरु बिषयक कार्याशाला गोष्ठिको उद्घाटन गर्दै मन्त्रीले उक्त कुरा बताउनु भएको हो।

लेखा क्षेत्र कठोर र निर्ममता पूर्वक अघि बढ्नुपर्ने मन्त्री बरालले बताउनु भयो। मन्त्री बरालले भन्नुभयो "वित्तीय र आर्थिक अनुशासन कायम गर्न लेखामा काम गर्ने व्यत्तिहरु कसैको दबाब र डर तथा धाक, धम्कीबाट प्रभावित हुन हुदैन यसमा वित्तिय र आर्थिक अनुसासनलाई समय सापेक्षा बनाउन सवै लाग्नु पर्छ।"

नेपालको लेखा परिक्षण अझै समय सापेक्षा बनाउन नसकिएको उल्लेख गर्दै मन्त्री बरालले संस्थाले कठिनायी र अभावका बाबजुत पनि राज्यलाई समेत सहयोग पुराएको बताउनु भयो। कार्यक्रममा संघिय अर्थ मन्त्रालयका सहसचिव बाबुराम सुवेदीले तीन तहको सरकारको दिगो पनको लागि राजश्व बृद्धि गर्नुपर्ने बताउनु भयो। प्रदेशको आन्तरिक मामिला मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले लेखा परिक्षण चुस्त दुरुष्त पार्न यस्ता कार्यक्रम आवश्य भएको बताउनु भयो।

कार्यक्रममा गण्डकी प्रदेशका स्थानिय तहका प्रमुख कार्यकारी अधिकृत, लेखा प्रमुख, चार्टर्ड एकाउण्टेन तथा दर्ता वाला लेखा परिक्षकहरु गरी १ सय ३० जनाको सहभागिता रहेको संस्थाका निर्देशक विनोद न्यौपानेले बताउनु भयो। संस्थाका अध्यक्ष सिए युद्धराज ओलीको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको थियो।

## गठबन्धन कायम राखेर एमसिसीलाई निष्कर्षमा पुर्‍याउन माओवादी तयार

**रासस**
**काठमाडौं, १३ फागुन**

नेकपा (माओवादी केन्द्र)ले सत्तारुढ गठबन्धनलाई कायम राख्दै अमेरिकी सहयोग परियोजना एमसिसी सम्झौतालाई निष्कर्षमा पुर्‍याउनुपर्ने निर्णय गरेको छ। गठबन्धन नै कायम नरहने अवस्थामा भने पार्टीले नयाँ नीति तय गर्ने भएको छ।

अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को निवास खुमलटारमा शुक्रबार बसेको माओवादीको उपलब्ध पूर्वस्थायी समिति सदस्यको अनौपचारिक बैठकले संविधानको रक्षार्थ गठन भएको गठबन्धनलाई भत्काएर जाने कुरा देश र जनताको हितमा नहुने भएकाले त्यसलाई कायम राख्नुपर्नेमा जोड दिइएको छ।

प्रतिनिधिसभाको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा( एमाले)ले लगातार अवरोध गरिरहेको अवस्थामा महत्वपूर्ण विषयमा समेत छलफल हुन सकेको छैन। यस्तो अवस्थामा एमसिसी सम्झौताका केही प्रावधानमा पार्टीको अझै पनि फरक मत रहे पनि राष्ट्रिय आवश्यकताले गठबन्धन कायम राख्नुपर्नेमा अधिकांश नेताहरुले जोड दिनुभएको थियो। माओवादीका तर्फबाट विगतमा प्रधानमन्त्री तथा मन्त्री भएका नेताहरु नै एमसिसी सम्झौताको विभिन्न कालखण्डमा सहभागी भएकाले अन्तर्राष्ट्रिय विश्वसनीयताको प्रश्न पनि उठ्नेमा नेताहरु एकमत दखिएका छन्। शुक्रबारको बैठकमा समग्र कोणबाट छलफल भएको र प्रतिनिधिसभामा एमसिसी पारित गर्ने सन्दर्भमा बहिस्कार गरेर वा अन्य कुनै विधिमार्फत पारित गर्न सहयोग गर्नुपर्ने निष्कर्ष निकालिएको छ। माओवादीका नेता हरिबोल गजुरेलका अनुसार एमसिसी सम्झौताका केही प्रावधानमा पार्टीको असहमति रहे पनि त्यसलाई एउटा निष्कर्षमा पुर्‍याएर गठबन्धन कायम राख्नुपर्छ भन्नेमा मतैक्यता देखिएको छ।

यस्तै माओवादीका अर्का नेता शक्ति बस्नेतका अनुसार गठबन्धन कायम राख्दै अनेकन विकल्पमा छलफल गर्ने र एउटा निकास निकाल्ने प्रयत्न गरिनेछ। गठबन्धन जोगाउनै नसकिने अवस्था भयो भने अर्को कुरा भयो, अन्यथा यसलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कोरोनाबाट मृत्यु हुने ६०–६९ वर्ष समूहका बढी

**रासस**
**काठमाडौँ, १३ फागुन**

विश्वव्यापी महामारीका रूपमा देखापरेका कोभिड-१९ संक्रमणबाट नेपालमा झण्डै १२ हजारले ज्यान गुमाएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्कअनुसार कोरोना संक्रमणबाट ११ हजार ९३२ जनाको ज्यान गएको छ।

कोरोनाको विभिन्न 'भेरियन्ट'मध्ये डेल्टा भेरियन्टका कारण नेपालमा धेरै नागरिकको मृत्यु भएको थियो। पछिल्लो समय फैलिएको 'ओमिक्रोन' भेरियन्ट बढी सङ्क्रामक देखिए पनि कम घातक पाइएको चिकित्सकको भनाइ छ। पछिल्लो २४ घन्टामा थप एक जनाको कोरोनाका कारण मुत्यु भएको छ। नेपालमा कुल संक्रमितको १.२ प्रतिशतको मृत्यु भएको मन्त्रालयको तथ्याङ्कले देखाएको छ। नेपालमा कोरोनाबाट सबैभन्दा बढी ६० देखि ६९ वर्ष उमेरसमूहका व्यक्तिले ज्यान गुमाएका छन्। सो उमेर समूहका दुई हजार ५०१ को संक्रमणका कारण ज्यान गएको मन्त्रालयले जनाएको छ।

यस्तै ७० देखि ७९ वर्ष उमेर समूहका दुई हजार ३७५, ५० देखि ५९ वर्ष उमेर समूहका दुई हजार २९३ र ४० देखि ४० वर्ष उमेर समूहका एक हजार ६६३ जनाले ज्यान गुमाएका छन्। यस्तै ८० वर्षभन्दा माथि उमेरसमूहका एक हजार ६३७, ३० देखि ३९ वर्ष उमेर समूहका ९३६, २० देखि २९ वर्ष उमेर समूहका ३७९, नौ वर्ष मुनिका ५१ र उमेर नखुलेका १३ को कोरोना संक्रमणका कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घन्टामा आठ हजार ६२८ नमूना परीक्षण गर्दा २७५ जनामा संक्रमण पुष्टि भएको छ। पाँच हजार ४५२ नमूनाको पिसीआर परीक्षण गर्दा १५८ र तीन हजार १७६ नमूनाको एन्टिजेन परीक्षणमा ११७ वटामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

शुक्रबार ५५५ जना कोरोना संक्रमणमुक्त भएका छन्। नेपालमा हालसम्म नौ लाख ५५ हजार ४५८ जना कोरोनाभुक्त भएको मन्त्रालयको तथ्याङ्क छ। सक्रिय संक्रमितको संख्या नौ हजार २८० छ। शुक्रबार देशभरका खोपकेन्द्रमार्फत एक लाख २२ हजार ४९३ ले कोरोनाविरुद्धको खोप लगाएका छन्।

हालसम्म १० लाख ५६ हजार ७७२ ले कोरोनाविरुद्धको 'बुस्टर डोज' लगाएका छन्। नेपालमा एक करोड ७३ लाख छ हजार ६४२ पूर्ण मात्रा, एक करोड ८४ लाख ५० हजार ७०९ पहिलो मात्रा खोप लगाएको मन्त्रालयले जनाएको छ।

## अर्थ मन्त्रालयको छलफल स्याङ्जा सहित १० जिल्लामा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले सस्तो लोकप्रियाताको लागि लामो नामका योजना तर बजेट भने कम विनियोजन हुने गरेको बताउनु भएको छ।

प्रदेशको अर्थ मन्त्रालयले शुक्रबार स्याङ्जामा आयोजना गरेको बजेट कार्यान्वय र आर्थिक अनुसासन सम्बन्धि अन्तरर्क्रिया कार्यक्रममा सम्वोधन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो। धेरै जनालाई प्रभावित पार्ने उद्धेश्यले टुक्रे, साना योजना जसले धेरै लामो योजनाहरुको नाम हुदा कम बजेट विनियोजन हुने गरेको उहाँले उल्लेख गर्नु भयो। मन्त्री बरालले यस बर्ष जति योजना सम्पन्न हुन्छ त्यती नै योजना सङख्या मात्र पठाउन सम्बन्धित कार्यालहरुलाई आग्रह गर्नु भयो। उक्त योजना छनौट गर्दा कुनै क्षेत्रबाट प्रभावित नहुन उहाँले सुझाव दिनु भयो। शतप्रतिशत बजेट कार्यान्वय गर्ने



उद्धेश्यले काममै केन्द्रित हुन मन्त्री बरालले आग्रह गर्नु भयो। जिल्ला समन्वय समितिहरुलाई भूमिका विहिन बनाउन नपाईने बताउदै मन्त्री बराललै भुमिका विहिन बनाउदा उक्त संस्थाको अस्तित्व माथि प्रश्न उठ्ने गरेको जनाउनु भयो। नेपालीको राष्ट्रियता र स्वाधिनतालाई कसरी रक्षा गर्ने त्यस तर्फ केन्द्रित हुनुपर्ने समय आएको उहाँको भनाई थियो। आन्तरिक श्रोत बृद्धि गर्ने ठाँउहरुको खोजि गर्न समेत मन्त्री बराललै आग्रह गर्नुभयो। जिल्ला समन्वय समिति स्याङजाका समन्वय अधिकारी ऋषिराज आचार्यले प्रदेशबाट गत बर्ष ५ लाख प्राप्त गरे पनि यस बर्ष १० लाख प्राप्त भए पनि उक्त रकम अझै कम भएको गुनासो गर्नु भयो।

अर्थ मन्त्रालयका सचिव बैकुण्ठ प्रसाद अर्यालले चालु आर्थिक बर्षको समिक्षा सहित आगामी बर्षमा बजेट कार्यान्वयनमा प्रभावकारी बनाउन सुझाव संकलन गर्न पनि उक्त कार्यक्रम आयोजना गरिएको बताउनु भयो। गत बर्ष स्याङजाबाट १० करोड ४५ लाख राजश्व संकलन भएकोमा यस चालु आर्थिक बर्षको ७ महिनामा भने ५ करोड ६६ लाख राजश्व संकलन भएको उहाँले बताउनु भयो।

पुर्वाधार विकास कार्यालय स्याङजाका प्रमुख दयाराम अधिकारीले यस चालु आर्थिक बर्षमा करिब ८१ करोड बजेट मध्य हालसम्म ४२ प्रतिशत बजेट खर्च गरेको बताउनु भयो। निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमहरु मध्य ८० प्रतिशत सम्झौता भएको उहाँले बताउनु भयो।

श्रोत साधन कम हुदा साना र धेरै २ सय ५० वटा टुक्रे योजना भएकोले गर्दा कार्यान्वयनमा केही कठिनायी हुने गरेको प्रमुख अधिकारीले जनाए।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्जाका प्रमुख हरि तिमिल्सिनाले स्याङजामा १ सय ५० र कास्कीमा १ सय १२ वटा टुक्रे योजना रहेको जसमा बजेट न्यून रहेको बताउनु भयो। जलश्रोत तथा सिंचाई कार्यालय स्याङजाका प्रमुख हरिदत्त पौडेलले ६१ व्टा ५ लाखे योजना रहेको थप ३ करोडको आर्थिक दाहित्व सृजना भएको गुनासो गर्नु भयो।

प्रदेशको कास्की बाहेक अन्य १० जिल्लामा उक्त कार्यक्रम सम्पन्न भएको मन्त्रालयका राजश्व अधिकृत कल्पना सापकोटाले बताउनु भयो। स्याङ्जाका प्रमुख जिल्ला अधिकारी राजु प्रसाद पौडेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**



पोखरा थिएटरको आयोजनामा दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सव शुक्रबारबाट सुरु भएको छ।

फागुन १६ गते सोमबारसम्म चल्ने महोत्सवको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ रायनले गर्नुभयो। महोत्सवको पहिलो दिनमा तीनवटा नाटक मञ्चन भएको महोत्सव संयोजक समेत रहनुभएका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिनुभयो। यसरी मञ्चन भएका नाटकमा जीउककदा लासहरु, सक्षम छात्रा र बाल विवाह रहेका छन्।

महोत्सवमा गण्डकी प्रदेशका ८ जिल्लाका १२ नाटक मञ्चन हुनेछन्। ती नाटकहरु गन्धर्व नाटकघरमा हरेक दिन ३ वटाका दरले मञ्चन गरिनेछ।

महोत्सव अन्तर्गत शनिबार हराएको खुसी, विदेशिनु पर्दाको पिडा र मेरो समाजका नारी मञ्चन हुनेछ। विद्यालयमा रंगमञ्च,अर्थपूर्ण बाल सहभागीताको आधार' भन्ने मुल मन्त्रका साथ आयोजना गरिएको महोत्सवमा गण्डकी प्रज्ञा-प्रतिष्ठानको प्रमुख सहकार्य एंव नेपाल सङ्गीत तथा नाट्य-प्रज्ञा प्रतिष्ठान काठमाण्डौं र पोखरा प्रज्ञा-प्रतिष्ठानपोखराले सहकार्य गरेका छन्। गएको वर्षदेखि पोखरा थिएटरले गण्डकी प्रदेशस्तरिय विद्यालय नाटक महोत्सवको आयोजन गर्न थालेको हो। त्यसभन्दा अगाडि थिएटरले पोखरा महानगरपालिका स्तरिय नाटक महोत्सव समेत आयोजना गरेको थियो।

# राष्ट्रिय मान्यताप्राप्तसहित ५१ दलको निवेदन आयोगमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा(माआवादी केन्द्र)ले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्न शुक्रबार निवेदन दिएका छन्।

दलदर्ताका लागि तीन वटै पार्टीका निर्वाचन फाँट हेर्ने जिम्मेवारीमा रहेका नेतासहितका पदाधिकारी आयोग पुगेर निवेदन दिएका हुन्।

स्थानीय तह निर्वाचनमा भाग लिने प्रयोजनका लागि राष्ट्रिय मान्यता प्राप्त पाँचसहित ५१ राजनीतिक दलको निवेदन प्राप्त भइएकेको आयोगका प्रवक्ता शालीग्राम पौडलले जानकारी दिनुभयो।

# खोप किन्न दुई अर्ब १४ करोड ऋण

**रासस**
**काठमाडौं, १३ फागुन**

नेपाल सरकारले विश्व बैंकसँग रु दुई अर्ब १४ करोड बराबरको सहुलियतपूर्ण ऋण सम्झौता गरेको छ। शुक्रबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनी र बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जर्भोसले सम्झौतामा हस्ताक्षर गर्नुभयो।

उक्त ऋण कोभिड-१९ विरुद्धको खोप खरिदका लागि उपयोग गरिने अर्थ मन्त्रालयले जनाएको छ। "कोभिड-१९ महामारीले सिर्जना गरेको निरन्तर बदलिँदो परिस्थितिमा समेत नेपालले प्रभावकारीरूपमा प्रतिकार्य जारी राखेको छ", हस्ताक्षर समारोहमा अर्थसचिव मरासिनीले भन्नुभयो। उहाँले नेपालले १२ वर्षभन्दामाथिका व्यक्तिलाई कोभिड-१९ विरुद्धको सुरुवाती साथै 'बुस्टर' मात्रासमेत प्रदान गर्ने कार्यमा उल्लेखनीय उपलब्धि हासिल गरेको जानकारी दिनुभयो।

राष्ट्रिय निर्देशक जर्भोसले विश्व बैंकबाट प्राप्त हुने ऋण सहायताबाट नेपालको ठूलो जनसङ्ख्यालाई खोप व्यवस्था गर्न पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले कोरोना भाइरसको विभिन्न स्वरुपले अर्थतन्त्र तथा सामान्य जीवनयापनमा समस्या सिर्जना गरिरहेकाबेला यस्ता वित्तीय सहायता महत्वपूर्ण हुने बताउनुभयो।

# नेकपा एमालेले निर्वाचन आयोगमा दल दर्ता गरायो

**रासस**
**काठमाडौं, १३ फागुन**

नेकपा एमालेले स्थानीय तह निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गराएको छ।

एमालेका महासचिव शङ्कर पोखरेल नेतृत्वको टोलीले आज निर्वाचन आयोगमा पुगेर स्थानीय तह निर्वाचन प्रयोजनका लागि दल दर्ता गराएको हो।

एमालेले संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ४८ बमोजिम दल दर्ता गरेको हो। एमालेको दल दर्ता नं ३२ रहेको जनाइएको छ। महासचिव पोखरेलले आफ्नो पार्टी निर्वाचनको तयारीमा जुटिसकेको उल्लेख गर्दै अन्य राजनीतिक दलहरुलाई पनि निर्वाचनको प्रक्रियामा सामेल हुन आह्वान गर्नुभयो। उहाँले स्थानीय तहको निर्वाचनको तयारीका लागि नै एमालेले अहिले देशभरि नै निर्वाचन केन्द्रित प्रशिक्षण कार्यक्रमसमेत सञ्चालन गरिरहेको जानकारी पनि दिनुभयो।

# गठबन्धन...

कायम राखेर अनेकन विकल्पमा छलफल गर्ने र एमसिसी सम्झौतालाई पनि एउटा निकास दिनुपर्छ भन्नेमा माओवादीका नेताहरु एक मत देखिएका छन्। धनगढी पुग्नुभएका नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललाई माओवादी अध्यक्ष प्रचण्डले काठमाडौं फर्कन फोन गर्नुभएको थियो। काठमाडौं फर्किएलगत्तै अध्यक्ष नेपालले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटवार्ता गर्नुभएको छ। सत्तारुढ गठबन्धनका नेताहरुको अनौपचारिक बैठकले गठबन्धन कायम राख्दै निष्कर्ष निकाल्नुपर्नेमा सहमत भएका छन्। एमसिसी सम्झौता पारित गर्ने वा नगर्ने भन्नेमा सत्तारुढ दलबीचमा नै साझा धारणा बन्न नसक्दा विषय सडकमा समेत पुगेको छ। दैनिकजसो प्रदर्शन भइरहेका छन्। संसद्मा प्रतिपक्षले अवरोध जारी राख्ने, सत्तारुढ दलकाबीचमा पनि समान धारणा नबन्दा महत्वपूर्ण विषयमा सहमति जुट्न सकेको छैन। सहमति खोज्ने ध्येयका साथ शुक्रबारका लागि बोलाइएको प्रतिनिधिसभाको बैठक आइतबारसम्म स्थगित भएको छ। कानून न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूले सभामुख अग्निप्रसाद सापकोटालाई भेटेर शुक्रबारको बैठक स्थगित गरिदिन आग्रह गर्नुभएको थियो। मन्त्री बडूको आग्रहमा नै आज १ बजेका लागि बोलाइएको बैठक स्थगित भएको हो। प्रतिनिधिसभाको अर्को बैठक फागुन १५ गते दिउँसो १ बजे बस्नेछ। एमसिसी सम्झौताका पक्षमा सहमति जुटाउनका लागि बिहीबार प्रमुख राजनीतिक दलहरुका विभिन्न बैठक भए। प्रधानमन्त्री देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीलगायतका नेताहरुसँग संसद् भवन नयाँ बानेश्वरमा छलफल भएको थियो। सो बैठकलगत्तै माओवादी अध्यक्ष प्रचण्ड र एमाले अध्यक्ष ओलीलगायतका नेताहरुबीच पनि छलफल भएको थियो। साँझ पुनःप्रधानमन्त्री र एमाले अध्यक्षबीच छलफल भए पनि कुनै ठोस सहमति बन्न सकेको थिएन। यो अवस्थामा सत्तारुढ दलहरुबीच नै सहमति कायम गरेर जानुपर्ने विषयमा नै धेरैको जोड देखिएको छ। यसैका लागि पनि आजको संसद् बैठक स्थगित भएको सत्तारुढ दलका नेताहरुले बताएका छन्।

# राप्रपा नेपाल कास्की अध्यक्षमा शिवकुमार बाँस्तोला

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**



राप्रपा नेपाल कास्कीको नयाँ जिल्ला कार्यसमिति गठन भएको छ।

राप्रपा नेपालका केन्द्रिय सदस्य एवं स्थानीय निकाय निर्वाचन परिचालन समिति सदस्य शिवकुमार बाँस्तोलाको अध्यक्षतामा २४ सदस्यीय जिल्ला कार्यसमिति गठन गरिएको हो। समितिको सदस्यहरुमा सूर्यप्रसाद बाँस्तोला, विश्वराज पौडेल, इन्द्रकुमारी शाही, चिना दवाडी, सागर क्षेत्री, टुकबहादुर गुरुङ्ग, विमल बराल, हिमाल पोखरेल, विष्णु बाँस्तोला, कृष्णप्रसाद बाँस्तोला, लिलाधर गौतम, दिपक सुनार, अर्जुन अधिकारी (हमाल), बिरबहादुर तामाङ्ग, टिकीसरा गर्वुजा तामाङ्ग, स्विटी केसी, सुरेश शिल्पकार, सन्तोष घिमिरे, वर्षा ढकाल, टेकबहादुर जलारी, रोशन पौडेल, सजग तिवारी, सुनिल बाँस्तोला र छवि लामिछाने रहनुभएको छ।

त्यसैगरी राप्रपा नेपालको तर्फबाट जिल्ला निर्वाचन समिति कास्कीमा सम्पर्क र समन्वय गर्न पार्टीका केन्द्रीय सदस्य सूर्यप्रसाद बाँस्तोलालाई मनोनयन गर्ने निर्णय समेत गरेको छ।

# गोपी र राजन उपाधी भिडन्तमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**



गोपीबहादुर भट्टराई र राजन पौडेल रेवान पोखरा भेट्रान्स टेनिस उपाधीका लागि भिड्ने भएका छन्।

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी प्रतियोगिता अन्तर्गत शुक्रबार भएका रोमाञ्चक सेमिफाइनल खेलहरुमा जित हाँसिल गर्दै राजन र गोपीले उपाधी भिडन्त निश्चित गरेका हुन्।

पहिलो सेमिफाइनलमा गोपीले धरमबहादुर लामिछानेलाई ६-३, ०-६ र सुपरटाईमा १०-३ ले पराजित गरे। पहिलो सेटमा पराजित धरमले दोश्रो सेट सहज आफ्नों पक्षमा पर्दै खेलमा फर्किने कोषिश गरेपनि तेश्रो सेटमा उनले लय गुमाउन पुगेका थिए। अर्को सेमिफाइनलमा राजनले हुम आलेको कडा चुनौतीलाई पार गर्न सुपर टाईमै पुग्न पऱ्यो। पहिलो सेट ६-१ को स्कोरमा सहजै आफ्नों गरेका हुमले दोश्रो र तेश्रो सेट गुमाउन पुगे। राजनले दोश्रो सेट ६-४ ले तथा तेश्रो सेट सुपर टाईमा १०-४ ले कब्जा गर्दै खेल आफ्नों पोल्टामा पारे। प्रतियोगितामा खुल्ला एकलतर्फका विजेताले नगद १५ हजार तथा दोश्रो हुनेले नगद ७ हजार ५ सय सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन्। डबल्सतर्फ विजेताले नगद १० हजार तथा उपविजेताले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन्। नवप्रवेशितर्फका विजेता र उपविजेताले ट्रफि पुरस्कार प्राप्त गर्नेछन्।

# विकास र राजनीतिलाई सँगै लैजानुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १३ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले विकास र राजनीतिलाई सँगै लैजानुपर्ने बताउनुभएको छ।

तनहुँको भानु नगरपालिका-११ रुपाकोटमा शुक्रबार आयोजित कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले विकासलाई केवल नारामा सीमित नगरी राजनीतिसँग जोडेर अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। 'राजनीति र विकाससँगै लैजान सके मात्र जनताको समस्या समाधान गर्न सकिन्छ, जनताको सेवा गर्नका लागि नै हामीले राजनीति गरेका हौं', पौडेलले भन्नुभयो। उहाँले जनताको हरेक समस्या समाधानका लागि जनप्रतिनिधि सदैव प्रतिबद्ध हुनुपर्ने बताउनुभयो।

चौतर्फी विकास अहिलेको आवश्यकता रहेको बताउँदै पौडेलले विकासका लागि इच्छाशक्ति र समर्पण आवश्यक रहेको औंल्याउनुभयो। 'जनप्रतिनिधिमा विकास दृष्टि चाहिन्छ, म पनि पहिल्यैदेखि विकासका लागि परेको छु र सदैव लागिरहनेछु', उहाँले भन्नुभयो। सो अवसरमा वरिष्ठ नेता पौडेलले नेपालको विकासका लागि एमसिसी आवश्यक रहेकाले यसलाई पारित गर्नुपर्ने बताउनुभयो। एमसिसी अमेरिकी जनताको उपहार भएको बताउँदै वरिष्ठ नेता पौडेलले एमसिसीको विषयमा अनावश्यक भ्रम फैलाइएको आरोप लगाउनुभयो।

वरिष्ठ नेता पौडेलले शुक्रबार नै व्यास नगरपालिकास्थित कालिकामार्गसमेतको अवलोकन गर्नुभएको छ। बुधबार गृहजिल्ला आइपुग्नुभएका वरिष्ठ नेता पौडेलले बिहीबार व्यास नगरपालिका-७ कलेस्ती, गजौडे, वृता, भानुको टुहुरेपसल र रम्घाटार, महन्ते हटिया, देउरालीटारमा कार्यकर्ता भेटघाट गर्नुभएको छ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# किन हुन्छ हृदयघात ? हुन नदिन के गर्ने ? लक्षण र बच्ने उपाय

डा कमल लम्साल



मुटु विशेष किसिमको मांशपेशीले बनेको अङ्ग हो। यसले रगतलाई पम्प गरी रक्तनलीहरु मार्फत विभिन्न अङ्गहरुमा पुर्याउने काम गर्दछ। औसतमा प्रतिमिनेट ७० देखि ८० पटकसम्म धड्किने मुटुलाई आफ्नो कार्य नियमित र सुचारु रुपमा गर्नका लागि यथेष्ट मात्रामा अक्सिजन, ग्लुकोज तथा अन्य विभिन्न खाद्यपदार्थ एवं खनिज पदार्थ एवं खनिजहरु जस्तै सोडियम, पोटापसियम, क्याल्सियम आदिको आवश्यकता पर्दछ। यसका लागि मुटुको मांशपेशीभित्र साना तथा मझौला खालका रगतका नलीहरु हुन्छन् । जसलाई मुटुको धमनी वा कोरोनरी आर्टरी पनि भनिन्छ ।

जब मुटुको धमनीहरुमा विभिन्न कारणले गर्दा बोसोजन्य पदार्थ जम्मा भई धमनीहरु साँघुरो हुँदै जाने हुन्छ। त्यसलाई मुटुको धमनीको रोग भनिन्छ । मुटुको धमनीहरुको साँघुरो भएमा मुटु स्वयंले अक्सिजन, ग्लुकोज लगायतका अन्य खनिज पदार्थ प्राप्त गर्न सक्दैन र मुटु कमजोर हुन्छ ।

कमजोर र साँघुरो रक्तनलीहरु सजिलै फुट्न सक्छ। जब मुटुको धमनीहरु एक्कासी बन्द हुन्छ, तब मुटुको केही खण्डले नियमित काम गर्न सक्दैन, त्यसैलाई हृदयघात भनिन्छ ।

हृदयघात, मुटुलाई रगत आपूर्ति गराउने कोरोनरि धमिनि वा धमिनिका शाखा भित्रै आकस्मात रगत जम्नगइ रगतको थेग्लाले धमिनि थुनिदिदा थुनिएको भाग भन्दा अगाडि हृदयका मांशपेशीहरू अक्सिजन र अन्य पोषकतत्वहरुको अभावमा देखापरेको आपतकालिन समस्या हो ।

यो समस्या आकस्मात देखापर्ने भएपनि यसको पछाडि लामो सिलसिला जाडिएको हुन्छ। विशेषतः कोरनरी धमिनीभित्रै आफै रगत जम्नुको पछाडि धमनीका भित्ताहरुहरुमा लामोसमयदेखि कोलेस्टेरेल क्याल्सियम र मृत्त कोषहरूजम्मा भएर धमनी साँघुर्‍याउने, अथेर ोस्केलेरोमिस भन्ने रोग जिम्मेवार छ ।

यी पदार्थहरू जम्मा भएर धमिनी सागुरिएको ठाउँमा धमिनीले आफ्नो लचकता गुमाउछ र तन्तुहरूलाई रगतको माग ज्यादा भएको अवस्थामा फैलिएर अतिरित्त रगत आपूर्ति गर्न सक्दैन। यसो हुदा साघुरिएको ठाउँमा नसाको भित्रि पत्र जसलाई इन्टिमल लेयर भनिन्छ च्यातिन पुग्छ र रगत क्याल्सियम र कोलेस्टेरोल वनाएको खस्रो सतहको सम्पर्कमा आइ नसाभित्रै जम्न पुग्छ फलतः जमेको रगतको थेग्लाले पुरै धमिनीलाई थुनिदिन्छ र थुनिएको भाग भन्दा अगाडि धमिनीले आपूर्ति गरेको हृदयतन्तहुरु अक्सिजन र पोषक तत्वको अभावमा मर्न जान्छन्। यसरी हृदय तन्तुहरू मर्न जाँदा मुटुले रगत पम्प गर्न सक्दैन । साथै अन्य संवेदनशिल अगंहरुमा पनि रक्त आपूर्ति हनु नसक्दा व्यक्तिको मृत्यु हुन जान्छ ।

**हृदयघातका लक्षणहरु**

हृदयघात भएको बेलामा छातीको बीच भागमा दुख्ने,भारी हुने, श्वास फेर्न गाह्रो हुने, मुटुको धड्कन बढी भएको अनुभव हुने, धेरै पसिना आउने, एकासी बढेर जाने, रिँगटा लाग्नेजस्ता देखिन्छन्। कसैकसैलाई पेटको माथिल्लो भाग दुख्ने, बेहोस हुने शरीरको कुनै भाग चलाउन गाह्रो हुने जस्ता लक्षणहरु देखिन सक्छन ।

उच्च रक्तचाप, मधुमेह, चुरोट सेवन, मोटोपन, शारीरिक व्यायमको कमी, उच्च कोलस्ट्रोल, अत्याधिक तनाव तथा नकरात्मक सोच, बढ्दो उमेर, पारिवारिक कारण, पुरुष लैंगिकता आदि कारणले हृदयघात हुनसक्छ ।

**हृदयघातबाट बच्नका लागि के गर्ने त ?**

-नियमित स्वस्थ खानपान गर्ने ।

-नुन तथा चिल्लो पदार्थ कम खाने ।

-बढी फाइबरयुक्त फलफूल तरकारीको नियमित सेवन गर्ने ।

-दैनिक आधा घण्टा देखि एक घण्टासम्म शारीरिक व्यायाम गर्ने ।

-मद्यपान तथा धुम्रपान सेवन नगर्ने,

-स्वास्थ्य परीक्षण गर्ने

रक्तचापको मापन लगायत रगतमा सुगर तथा कोलस्ट्रोलको मात्रा परीक्षण गराउने बढी भएमा नियन्त्रणमा रहने गरी आवश्यक परेमा सम्बन्धित चिकित्सकको सुझावअनुसार औषधी सेवन गर्ने ।

पारिवारिक सावधानी अपनाउने, परिवारमा कम उमेरमै मुटुरोग देखिएमा बाँकी सदस्यहरुले नियमित परीक्षण तथा थप सावधानी अपनाउने ।

शरीरको तौल नियन्त्रनमा राख्ने र तनावहित रहने वातावरण बनाउने, तथा सकारात्मक सोच राख्ने र थप सुझाबको लागि सम्बन्धीत चिकित्सकसँग परामर्श गर्ने । हृदयघातका कारण विश्वमा १ करोड ७५ लाख मानिसको हरेक बर्ष मृत्यु हुने गर्दछ। हाल नेपाल लगायतका विकासोन्मुख राष्ट्रमा पनि यसको प्रकोप बढ्दै गैरहेको छ ।

विभिन्न उपचार पद्धतीका तथा औषधीको बाबजुत हृदयघात भैसकेपछि मृत्युदर अझै नै उच्च नै छ तसर्थ रोग लाग्न नदिन उचित जीवनशैली अनुसरण गर्दा राम्रो र आम मानिसले यस महारोग सम्बन्धी न्युनतम जानकारी राख्ने तथा मुटुरोगको जोखिम बढी भएका ब्यक्तिहरुले नियमित परिक्षण गराउने माथि उल्लेखित लक्षणहरुको केही सङ्का भएमा तुरुन्त अस्पताल गई परिक्षण गर्नु पर्दछ ।

-(डा लम्साल मुटु रोग विशेषज्ञ हुनुहुन्छ)

# बागलुङमै माटो परीक्षण

पोखरापत्र संवाददाता
बागलुङ १३ फागुन

बागलुङका किसानहरुले आफूले खेती गरिरहेको माटोको स्वच्छता परीक्षणका लागि पोखरा धाउनुपर्ने हुन्थ्यो । आफ्नो माटोको स्वस्थ्य थाहा पाउन आफ्नो खेतीयोग्य जमिनको माटो प्रयोगशालामा परीक्षणपश्चात् मात्रै पत्ता लाग्दछ ।

त्यसैले अहिले किसानहरु माटो परीक्षण गरेर मात्रै कुन खेती उपयुक्त हुन्छ भनेर योजना बनाउँछन् तर विडम्बना जिल्लामा अहिलेसम्म माटो परीक्षण प्रयोगशाला थिएन । फ्याट्टफुट्ट स्थानीय तहले पोखराबाट प्राविधिक बोलाएर माटो परीक्षण शिविर आयोजना मात्रै गर्ने गरिएकामा अब बागलुङमै नियमित माटो परीक्षण गर्न प्रयोगशाला स्थापना गरिएको छ ।

कृषि उपजलाई बढाउँदै माटोको अवस्था अनुसारको उत्पादन गर्न र माटोको उपचार गर्नका लागि माटोको परीक्षण गर्न बागलुङ नगरपालिकाले हालै माटो परीक्षण प्रयोगशाला स्थापना गरिएको छ । कृषिमा आधुनिकीकरण, किसानको हितका लागि, माटोमा समस्या समाधान देखिएको, उब्जाउ घट्दै गएको, माटोको परीक्षण र उपचार गर्नका लागि बागलुङ नगरपालिकाको कृषि शाखामा माटो परीक्षण प्रयोगशाला स्थापना गरिएको बागलुङ नगरपालिकाको कृषि शाखाप्रमुख राहुल केसीले जानकारी दिनुभयो । "प्रयोगशालाले माटोमा रहेको १६ सूक्ष्म तत्वको अध्ययन गर्छ, त्यसको मात्राका आधारमा किसानले खेतीका लागि प्रयोग गर्ने मलको मात्रा, माटोमा आवश्यक खाद्य तत्वको विषयमा अध्ययन गर्न सकिन्छ," उहाँले भन्नुभयो "विशेषगरी माटोको आवश्यकता अनुसारमा मल प्रयोग गर्ने जसकारण उब्जानीमा वृद्धि हुन्छ, कुन माटोमा कुन खेती हुन्छ भनेर किसानलाई सल्लाह सुझाव दिनका लागि माटोको परीक्षण गर्न प्रयोगशाला स्थापना गरिएको हो ।" उहाँका अनुसार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को रु तीन लाख ५० हजार बजेटबाट प्रयोगशालाको सामग्री खरिद गरेर प्रयोगशाला सञ्चालनमा ल्याइएको हो । प्रयोगशाला जिल्लामै पहिलोपटक स्थापना गरेको नगरपालिकाको भनाइ रहेको छ । विशेषगरी माटोको अम्लीय, क्षारीय र तटष्टीय बढी परीक्षण गरिनेछ । यसअघि पोखराबाट माटो परीक्षण गर्दै आएकामा अहिले नगरपालिकामै माटो परीक्षण गर्न पाउँदा निकै खुसी लागेको र अनावश्यक खर्चसमेत कटौती भएको बागलुङ नगरपालिका-१० स्थित आलुपकेट क्षेत्रका किसान मनोज शर्बुजा थापाले बताउनुभयो । माटोको परीक्षण बिनै तरकारी तथा फलफूल खेती गर्दा किसानलाई ठूलो नोक्सानी हुने र नोक्सानी हुनबाट जोगाउन माटो परीक्षण र उपचार नै प्रमुख कुरा रहने किसान थापाले जानकारी दिनुभयो । फागुन १० गतेदेखि माटोको परीक्षण गर्न थालिएको र जसका लागि प्राविधिकहरुले माटो परीक्षणको तालिम लिइसकेको बागलुङ नगरपालिकाले जनाएको छ ।

माटोको परीक्षणपश्चात् कुन मल कति मात्रामा प्रयोग गर्दा स्वच्छ कृषि उपज उत्पादन हन्छ भनेर किसानलाई जानकारी दिने र माटोमा खराबी देखिए उपचार विधिसमेत सिकाइनेछ ।

अहिले माटोमा आउने विभिन्न समस्याका कारण कृषि उत्पादनमा ह्रास आउन थालेपछि बागलुङमै माटो परीक्षणको व्यवस्था गर्नका लागि प्रयोगशाला स्थापना गरिएको बागलुङ नगरपालिकाका नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । "हचुवाको भरमा तरकारी खेती र फलफूल खेती गर्दा समस्या हुन्छ, कुन माटोमा के उब्जाउ गर्दा राम्रो हुन्छ, माटोको स्वास्थ्य कस्तो छ लगायतको कुरा अब नगरपालिकाको कृषि शाखाबाटै हुन्छ," नगरप्रमुख पौडेलले भन्नुभयो, "सानो लागतमा स्थापना हुने प्रयोगशाला जिल्लामै नभएको मैले जानकारी पाएपछि नगरपालिकाको कृषि शाखालाई बजेट व्यवस्थापन गरेर प्रयोगशाला स्थापना भएको छ, अब किसानलाई जिल्लामै माटो परीक्षण गर्दा सहज हुनेछ ।"

माटोको खाद्य तत्व, अम्लीयपन र माटोको समस्याका विषयमा माटोको परीक्षणपश्चात् मात्रै पत्ता लाग्ने भएकाले अहिले माटा ेपरीक्षण प्रयोगशालाको निकै महत्व छ । बागलुङको कृषि ज्ञान केन्द्रमा समेत माटो परीक्षणको व्यवस्था नहुँदा किसानलाई माटो परीक्षणका लागि पोखरा धाउनुपर्ने बाध्यता बागलुङ नगरपालिकाको कृषि शाखामा स्थापना गरिएको माटो प्रयोशाला स्थापनासँगै हेटर गएको छ । अहिले दैनिक १० जना किसानको माटो परीक्षण नगरपालिकाको कृषि शाखाबाटै हुँदै आएको छ ।

# कपडा पेल्ने उपकरणले गर्दैछ दैनिक कमाई

पोखरापत्र संवाददाता
म्याग्दी, १३ फागुन

बिहीबार म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटको खहरेखोलामा बिहान नौ बजेदेखि साँझ छसम्म सिरक र डसना बनाउन पुराना कपडाको भारी बोकेर आउने मानिसको भीड नै लाग्यो ।

तीनजना धुनिया (सिरक, डसना, तकिया बनाउने मान्छे) ले ट्र्याक्टरमा पुराना कपडा पेलेर कपास निकाल्ने उपकरण जडान गरी बगरफाँटमा आएपछि सिरक र डसना बनाउने मानिसको भीड लागेको थियो ।

रौतहटका बद्रिराम मण्डल, श्याम सोहनी र निकेश गुप्ताको समूहले साँझसम्म कपडा पेलेर कपास निकाली सोही कपासबाट विभिन्न व्यक्तिका ४५ वटा नयाँ सिरक डसना बनाउनुभयो । बाहिरी खोल आफ्नो कपडा प्रयोग गरी सात किलो पुराना कपडा पेलेर एउटा डसना बनाएको रु एक हजार ४०० लिने गरेको उक्त समूहले एकै दिन एउटै टोलबाट रु ६३ हजार कमाई गरेको धुनियाँका अगुवा बद्रीरामले बताउनुभयो । उहाँका अनुसार रु ६३ हजार कमाई भए पनि ट्र्याक्टर खर्च, उपकरण खर्च, सिरक डसनाको बाहिरी खोल (कपडा)को खर्चलगायत सबै खर्च कटाएर रु १५ हजार बचत हुने र तीनजनाले दामासाहीले बाँड्ने गरिएको छ । यहाँका बासिन्दालाई अहिलेसम्म सिरक र डसना बनाउनका लागि बाहिरबाट धुनिया खोजेर ल्याउनुपर्ने बाध्यता रहेकामा चलताफिरता उपकरण बोकेर धुनियाहरु घरघरमै आउन थालेपछि निकै सहज भएको स्थानीयवासी देवी थापाले बताउनुभयो ।

उपकरणको सहायताले धुनियाहरु म्याग्दीका गाउँगाउँमा पुगेर पुराना कपडाबाट डसना, सिरक र तकिया बनाएर राम्रो आम्दानी गरिरहेका छन् । एक सातादेखि म्याग्दीको बेनी नगरपालिकासहित, मालिका, मङ्गला गाउँपालिकाका विभिन्न गाउँमा यस्ता उपकरण लगेर सिरक, डसना बनाउँदै आएको बद्रीरामले बताउनुभयो । बद्रीराम र उहाँका साथीहरुले पुराना कपडालाई धुलाइ गरी कपास निकालेर डसना, सिरक र तकिया बनाएर लोभलाग्दो आम्दानी गरिरहनुभएको छ । गाउँगाउँमा उहाँहरु गएपछि पुराना कपडा धुलाई गर्नेहरुको भीड बढ्छ । बद्रीरामले यो कामबाट प्रत्येकलाई दैनिक रु चार हजारदेखि पाँच हजारसम्म आम्दानी भइरहेको बताउनुभयो ।

तेह्र वर्षदेखि यो उपकरण राखेर काम गरिरहेको र यसबाट राम्रो आम्दानी भइरहेको उहाँको भनाइ थियो । पुराना कपडाको सदुपयोग भएपछि स्थानीय बासिन्दाले पनि आफूसँग खुसी व्यक्त गर्ने गरेको बद्रीरामलले सुनाउनुभयो । पुराना थोत्रा कपडा पेलेर कपास बनाएबापत प्रतिकिलो रु ५० र सिलाइबापत डसना र सिरकको साइज हेरी रु एक हजारदेखि एक हजार आठ सयसम्म र कपडाको दाम छुट्टै लिने गरेको उहाँले बताउनुभयो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : मन चञ्चल |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लमजुङमा १२३ मतदानस्थल

रासस
लमजुङ, १३ फागुन

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि लमजुङमा १२३ मतदानस्थल तय गरिएको छ । चार नगरपालिका र चार गाउँपालिकामा उक्त सङ्ख्यामा मतदानस्थल तय गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्ला निर्वाचन अधिकारी सिर्जना मिश्रका अनुसार चार नगरपालिकामा ६७ मतदानस्थल र चार गाउँपालिकामा ५६ मतदातस्थल तोकिएको छ । यीमध्ये नगरपालिकातर्फ मध्य नेपालमा १८ वटा मतदानस्थल, सुन्दरबजारमा १६, राइनासमा १२ र बेँसीसहरमा २१ वटा मतदानस्थल रहेको छ । त्यस्तै गाउँपालिकातर्फ दूधपोखरी र क्व्होलासोथरमा १०/१०, दोर्दीमा १६ र मर्स्याङ्दीमा २० मतदानस्थल रहेको जनाइएको छ । कार्यालयले स्थानीय तहको चुनावका लागि तयारी अघि बढाउँदै लगेको छ । जिल्ला निर्वाचन अधिकारी मिश्रले भन्नुभयो, "यही फागुन २० देखि २६ गतेसम्म दाबी विरोध कार्यक्रम वडावडामा हुनेछ । २० देखि २४ गतेसम्म नाम हटाउने, सच्याउने, उजुरी दिन पाइनेछन् भने २५ र २६ गते आन्तरिक काम गरेर २६ गते निर्वाचन आयोगमा पठाइने छ ।" अघिल्लो निर्वाचन अर्थात् विसं २०७४ वैशाख ३१ गते भएको निर्वाचनमा जिल्लामा कूल एक लाख पाँच हजार ९९२ मतदाता थिए । विसं २०७७ पुस ५ मा प्रकाशित नामावालीमा एक लाख २२ हजार ८०६ जना रहेकामा सङ्ख्या बढ्दै जाने क्रममा अहिले नौ हजार ६६० मतदाता थपिएको कार्यालयले जनाएको छ ।

# महिला क्रिकेट : एपीएफको लगातार तेस्रो जित

रासस
काठमाडौं, १३ फागुन

ललितपुर मेयर महिला टी-ट्वान्टी च्याम्पियनसिपमा सशस्त्र प्रहरी बल (एपीएफ) विजयी भएको छ । एपीएफले ललितपुर मेयर्स-११ लाई पराजित गर्दै लगातार तेस्रो जित निकालेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा एपीएफले ललितपुर मेयर्स-११ लाई ७ विकेटले पराजित गरेको हो । यसअघि एपीएफले पहिलो खेलमा प्रदेश नं १ र दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशलाई ६ विकेटले पराजित गरेको थियो । लगातार तीन खेलमा पराजित भएको ललितपुर मेयर्स प्रतियोगिताबाट बाहिरिएको छ । यसअघि ललितपुर पहिलो खेलमा सुदूरपश्चिमसँग ५८ रनले र दोस्रो खेलमा लुम्बिनी प्रदेशसँग २ रनले पराजित भएको थियो ।

आजको खेलमा ८१ रनको विजय लक्ष्य एपीएफले १३ ओभरमा ३ विकेट गुमाएर पूरा गर्‍यो । एपीएफका लागि ज्योति पाण्डेले अर्धशतकीय पारी खेलिन् । उनले ४५ बल खेल्दै अविजित ५६ रन बनाइन् । यस्तै रोमा थापाले अविजित ११ रनको योगदान दिइन् । बलिङतर्फ ललितपुर मेयर्सकी अनुराधा चौधरीले एक विकेट हात पारिन् ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ थालेको ललितपुर मेयर्सले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै ८० रनको योगफल बनायो । ललितपुर मेयर्सका लागि सुमन खतिवडाले सर्वाधिक ३० रन जोडिन् । आरती विडारीले अविजित २१ रन बनाइन् । बलिङतर्फ एपीएफका लागि करुणा भण्डारी र सुमन विष्टले एक-एक विकेट लिए । अहिले त्रिवि क्रिकेट मैदानमा प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशबीच अर्को खेल भइरहेको छ । प्रदेश १ ले टस जितेर ब्याटिङ गरिरहेको छ ।

# नागरिक संस्थाहरूको दिगोपनको सूचकमा नेपालको प्रगति

रासस
काठमाडौं, १३ फागुन

नागरिक संस्थाहरूको दिगोपन मापन सूचक प्रतिवेदन, २०२० मा दक्षिण तथा दक्षिणपूर्वी एशियाका आठ देशमध्ये नेपालको अवस्था सुधार भई पाँचौं स्थानमा परेको छ ।

सूचकको सात पूर्णाङ्कमध्ये सन् २०२० कै ४.३ अङ्क सुधार गरी नेपाल पाँचौं स्थानमा परेको छ । प्रतिवेदनअनुसार टिमोरलेष्टे र फिलिपिन्स क्रमशः पहिलो र दोस्रोमा परेका छन् भने श्रीलङ्का र थाइल्याण्ड क्रमशः सातौं र आठौं स्थानमा छन् । गत वर्षमा जस्तै यो वर्ष पनि अमेरिकी संस्थाको परियोजना एफएचआइ ३६० ले नागरिक संस्थाको सन् २०२० को दिगोपन मापन सूचक प्रतिवेदन तयार गरेको हो । यो प्रतिवेदन विश्वका ७२ देशका नागरिक संस्थाहरूको सवल तथा दिगोपनका बारेमा मापन गरी वार्षिक रुपमा प्रकाशित गरिने विश्वव्यापी स्वतन्त्र अध्ययन प्रतिवेदन हो । प्रतिवेदनमा कानुनी वातावरण, संस्थागत क्षमता, आर्थिक क्षमता, वकालतको स्तर, सेवाको प्राबधान, पूर्वाधारको अवस्था र सार्वजनिक छविका आधारमा मापन गरेको छ ।

दक्षिण तथा दक्षिण पूर्वी एशियाका आठ मुलुक (नेपाल, बङ्गलादेश, टिमोरलेष्टे, कम्बोडिया,इण्डोनेशिया,फिलिपिन्स, श्रीलंका र थाइल्याण्ड) लाई समेटेर एशियन संस्करणका रुपमा पनि सार्वजनिक गरिन्छ । नेपालका लागि गोगो फाउण्डेशनले नागरिक अभियन्तालगायत विज्ञहरुको संलग्नतामा विभिन्न सातवटा एकआपसमा अन्तरसम्बन्धित सूचकमा आधारित भएर प्रारम्भिक प्रतिवदेन तयार गरिएको फाउण्डेशनका कार्यकारी निर्देशक केदार खड्काले बताउनुभयो । उहाँले नागरिक तथा गैरसरकारी संस्थालाई नियन्त्रण गर्ने शैली र व्यवहारले ती संस्थाहरुको सार्वजनिक छविमा आँच पुग्ने प्रतिवेदनको सार रहेको जनाउनुभयो ।

